जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८० २०८३ साल असार ४ गते बिहीबार (18 June 2026 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सुशासन र कृषि प्राथमिकतामा... ३ पृष्ठमा : नागरिक संवादको थलो बन्दै... ३ पृष्ठमा : वार्ताअघि तेल ...

# अतिक्रमणको चपेटामा ऐतिहासिक पोखरी र इनार




**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. २ सिम्रहा टोलमा पछिल्लो समय गाउँको ऐतिहासिक विरवल पोखरी अतिक्रमणको चपेटामा परेको छ ।

उक्त पोखरीमा विगतमा गाउँलेहरु नुहाउने, पशु चौपायालाई पानी खुवाउने, आगलागीका बेला पानी निकाल्ने, छठको बेला घाट बनाई पुजापाठ लगायतका कार्य हुने गरेको थियो । तर अहिले पोखरीमा माटो भर्दै तथा पोखरी डिलमा केही स्थानीय ब्यक्तीले कब्जा गरी घर निर्माण समेत गर्दा ती सबै कार्य प्रभावित भएको स्थानीय शत्रुघन ठाकुरले जानकारी दिएका छन् ।

अर्का स्थानीयवासी जलेश्वर ठाकुरले यसरी गाउँको सौन्दर्यता तथा मौलिकता मै लोप हुने गरी सार्वजनिक पोखरी र इनार अतिक्रमण गर्ने तथा मास्ने कार्य तिब्र बनेपछी केही जागरुक यूवाहरु विरोधमा उत्रेको बताए ।

उनले पछिल्लो पटक विरवल पोखरीको डिलको जग्गा अतिक्रमण गर्ने किसन ठाकुर, पलट ठाकुर, विन्देश्वर ठाकुर र दिनेश ठाकुर लगायतका ब्यक्ती उपर सप्तरी जिल्ला अदालतमा मुद्दा नै चलेको बताए । कतै कुनै सुनुवाई नभएपछि आफुहरुले ती ब्यक्ती उपर सार्वजनिक एलानी पोखरी डिल जग्गाको अतिक्रमण खिचौला मेटाई घर उठाई चलन मुद्दा चलाएको उनको भनाई छ ।

उनले सार्वजनिक पोखरीमा माटो भर्ने र डिलमा रहेको जग्गाममा भवन निर्माण गर्न थालेपछी विरोध गर्दा उल्टै ती ब्यक्तीहरुबाट दुर्ब्यहार र हातपात भएको सुनाए ।

***बाँकी अन्तिम पृष्ठमा***

# प्राध्यापकलाई १५ दिनभित्र सम्पर्कमा आउन त्रिविको निर्देशन

काठमाडौँ, ३ असार (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले अध्ययन बिदा लिएर अध्ययन पूरा गरेपछि विश्वविद्यालयको सेवामा नफर्किएका प्राध्यापक तथा कर्मचारीलाई १५ दिनभित्र सम्पर्कमा आउन निर्देशन दिएको छ ।

त्रिविको अध्ययन बिदा सुव्यवस्थापन कार्यान्वयन समितिले बुधबार सार्वजनिक सूचना जारी गर्दै अध्ययन बिदा उपभोग गरेपश्चात् विश्वविद्यालयको नियमानुसार सेवामा नफर्केका तथा तोकिएको अवधि पूरा नगरी सेवा छाडेका शिक्षक/कर्मचारीलाई समितिको कार्यालयमा सम्पर्क राख्न आग्रह गरेको हो ।

सूचनामा तोकिएको समय सीमाभित्र सम्पर्कमा नआए विश्वविद्यालयसँग गरिएको कबुलियतनामा एवं नियमानुसार कानुनी कारबाही प्रक्रिया अघि बढाइने स्पष्ट पारिएको छ ।

त्रिविका अनुसार अध्ययन बिदा लिएर सेवामा नफर्किएका ५० जना प्राध्यापकबाट हालसम्म रु ११ करोड ८४ लाखभन्दा बढी रकम फिर्ता भइसकेको छ ।

विश्वविद्यालयले अध्ययन बिदा दक्ष, अनुसन्धानमुखी तथा अन्तरराष्ट्रियस्तरको प्राज्ञिक जनशक्ति उपलब्ध गराउने

***बाँकी अन्तिम पृष्ठमा***

**कर परामर्श सेवा केन्द्र**
**राजविराज-३**
**कर्मचारी आवश्यकता**

मिति : २०८३/०३/०२

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्र) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्नो प्रमाणपत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१ पद : कम्प्युटर अपरेटर
२ संख्या : २ (दुई)
३. योग्यता : बाणिज्य विषयमा न्यूनतम +२ उत्तिर्ण भएको ।
४. पारिश्रमिक : आपसी सहमतिमा तय गरिने छ ।
५. परीक्षाको किसिम : प्रतियोगात्मक र अन्तरवार्ता.
५. सम्पर्क नं. : ९८०१५३०५७७/९८०४७९८८०८
**नोट** :कम्प्युटरमा ट्याली, एक्सल र नेपाली टाईपिङमा दक्षता प्राप्त हुनुपर्ने छ ।

# पत्रकार लोकतन्त्रका निस्वार्थ पहरेदार : मन्त्री थापा




**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

मधेश प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले पत्रकारहरुलाई सत्य र तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न आग्रह गरेकी छिन् ।

मधेश प्रदेश आमसञ्चार प्राधिकरणद्वारा आयोजित 'संघीयता सबलीकरणबारे समाचार लेखन' विषयक दुई दिने आवासीय कार्यक्रमको बुधबार धनुषाको ढल्केबरमा उद्घाटन गर्दै मन्त्री थापाले यस्तो बताएकी हुन् ।

उनले पत्रकारलाई लोकतन्त्रका निस्वार्थ पहरेदारको संज्ञा दिँदै भनिन्, 'पत्रकार बिना वर्दीका पहरेदार हुन् । धेरै मानिस प्रहरीभन्दा पत्रकारसँग बढी जवाफदेही हुन बाध्य हुन्छन् । पत्रकारले कलम नचलाउने हो भने समाज अन्धकारतर्फ जान्छ ।'

मन्त्री थापाले संघीयताले महिला, बालबालिका तथा पछाडि पारिएका समुदायलाई अधिकारको पहुँचमा ल्याएको उल्लेख गर्दै नेपालमा संघीय व्यवस्था थप सुदृढ हुनुपर्ने धारणा राखिन् ।

उनले राज्यका विभिन्न निकायमा पहुँचबाट वञ्चित समुदाय, दोभाषे सेवा आवश्यक पर्ने नागरिक तथा नागरिक अधिकारको सुनिश्चितताका लागि समेत संघीयता अपरिहार्य रहेको बताइन् ।

आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाले सञ्चार क्षेत्रको संस्थागत विकास तथा पत्रकारको क्षमता अभिवृद्धिका लागि प्राधिकरण निरन्तर सक्रिय रहेको बताउँदै सीमित स्रोतसाधनका बाबजुद पत्रकारलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ थियो ।

उनले पत्रकारको पेशागत

***बाँकी दुई पृष्ठमा***

**सन्तुलित जनसंख्याः विकासको आधार**

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुशासन र कृषि प्राथमिकतामा : यस्ता छन् सात प्रदेशका बजेट

**रमेश लम्साल**

काठमाडौं, ३ असार (रासस)।

प्रदेश सरकारहरूले आगामी आर्थिक वर्षका लागि कुल दुई खर्ब ९२ अर्ब बराबरको बजेट प्रस्तुत गरेका छन्। चालु आर्थिक वर्षका लागि रु दुई खर्ब ७८ अर्ब बराबरको बजेट कार्यान्वयनमा छ।

आन्तरिक आयमा उल्लेख्य वृद्धि नभएको, राजस्व सङ्कलन तथा पुँजीगत खर्चसमेत अपेक्षित सुधार हुन नसकेको अवस्थामा प्रदेश सरकारहरूको बजेटलाई समयसापेक्ष बनाउने प्रयास गरेका छन्। मधेस प्रदेश सरकारले टुक्रे योजनामा कैँची लगाएको छ। बागमती प्रदेश सरकारले थप नयाँ नारा अगाडि सारेको छ।

सङ्घीय सरकारले संविधानअनुसार हरेक वर्षको जेठ १५ गते बजेट प्रस्तुत गर्ने कार्यसूची रहँदै आएको छ। यस्तै, प्रदेश सरकारहरूले हरेक वर्षको असार १ गते बजेट प्रस्तुत गर्दछन्। यस्तै, स्थानीय सरकारले हरेक वर्षको असार १० गते बजेट ल्याउँछन्। यही कार्यसूचीअनुसार सात वटा प्रदेश सरकारको तर्फबाट प्रस्तुत गरिएको बजेटमा सुशासन, भ्रष्टाचार नियन्त्रण तथा विकास निर्माणको कामलाई गति दिने गरी विनियोजन गरिएको छ।

क्रमागत योजनालाई पूरा गर्ने र प्रदेशका गौरवका आयोजनालाई विशेष प्राथमिकतामा राखिएको बजेटले कृषि क्षेत्रलाई पनि महत्व दिएको छ। पुँजीगत खर्चमा देखिएको कमजोरी तथा विकास निर्माणका काममा भइरहेको ढिलाइ नियन्त्रणमा भने प्रदेश सरकारका बजेटमा स्पष्ट कार्ययोजनाको अभाव देखिन्छ।

सङ्घीय सरकारले रु एक खर्ब नौ अर्ब ६५ करोड ३५ लाख बराबरको अनुदान, राजस्व बाँडफाँट, आन्तरिक स्रोत तथा चालु आवको बाँकी रहने नगद मौज्दातलाई बजेट निर्माणको प्रमुख आधार बनाएका छन्।

**बागमतीको बजेट ६६ अर्ब ९३ करोड**

बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले कुल रु ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजार बराबरको बजेट प्रस्तुत गर्नुभएको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु २२ अर्ब ९६ करोड १९ लाख ३० हजार र पुँजीगततर्फ रु ४३ अर्ब ९७ करोड १४ लाख रहेको छ।

बजेटले घुमौँ बागमती अभियान, रैथानेबालीको संरक्षण एक जिल्ला एक सङ्कलन केन्द्र, शैक्षिक गुणस्तर वृद्धिलाई विशेष प्राथमिकतामा राखिएको छ। यस्तै, भरतपुर, ललितपुर र हेटौँडामा निर्माणाधीन रङ्गशालालाई प्राथमिकतामा राखिएको छ। चालु आर्थिक वर्षको राजस्वलगायत आयमा अनुमानभन्दा कम सङ्कलन भएको र आम्दानीको स्रोतमा वृद्धि नहुने भएपछि बजेटको आकार सामान्य घटाइएको छ।

आगामी आवको बजेटको खर्च बेहोर्ने स्रोतहरूमा कर राजस्वबाट रु ३० अर्ब १५ करोड छ लाख ६८ हजार, अन्य राजस्वबाट सात अर्ब रु ९३ करोड ९९ लाख १२ हजार, सङ्घीय वित्तीय हस्तान्तरणबाट रु १५ अर्ब ३१ करोड ४८ लाख र चालु आवको अनुमानित सञ्चित कोष र विविधबाट रु १२ अर्ब ७६ करोड ७९ लाख ५३ हजार र अन्य संस्थाबाट ऋण लगानी फिर्ताबाट रु ९६ करोड प्राप्त हुने अनुमान गरिएको छ। चालु आवमा बागमती प्रदेश सरकारले रु ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार बराबरको बजेट कार्यान्वयन गरिरहेको छ।

समृद्ध बागमतीको अभियानः सुशासन, प्रविधि र उत्पादन, सडक सुरक्षामा जोड कृषि तथा पर्यटनलाई प्राथमिकतामा राखेको बजेटले एक निर्वाचन क्षेत्र एक पर्यटकीय गन्तव्य क्षेत्रको पूर्वाधार निर्माण, बागमती प्रदेश पर्यटकीय सर्किट योजना र बागमती प्रदेश पर्यटन रणनीतिक योजना कार्यान्वयन गर्ने लक्ष्य राखेको छ।

यस्तै, मेट्रो रेल र सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम पनि बजेटमा समावेश छ। काठमाडौँ उपत्यकामा मेट्रो रेल र भीमफेदी कुलेखानी सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने लक्ष्य बजेटको छ।

**मधेस प्रदेशको बजेट ४१ अर्ब १३ करोड**

मधेस प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री युवराज भट्टराईले प्रस्तुत गर्नुभएको आगामी आवको बजेटमा 'मेड इन मधेस, समृद्ध प्रदेश' को नारा अगाडि सारिएको छ। प्रदेश उद्यशीलता, रोजगारीका अवसर, उर्वर कृषि भूमिको उच्चतम उपयोगलाई बजेटले प्राथमिकतामा राखेको छ।

आगामी आवका लागि कुल रु ४१ अर्ब १३ करोड ८६ लाख बराबरको बजेटको उद्देश्यमा उत्पादन रोजगारी वृद्धि, मानव विकास र सामाजिक न्याय, दिगो पूर्वाधार र वातावरणीय सन्तुलन, सुशासन र पारदर्शी सेवा प्रवाहलाई ध्यान दिइएको छ। चालु आवमा रु ४६ अर्ब ९८ करोड ३३ लाख बराबरको बजेट कार्यान्वयनमा छ।

यस्तै, कृषि क्षेत्रको रूपान्तरण, नवप्रवर्तन र उद्यमशीलता, गुणस्तरीय शिक्षा र प्राविधिक सीप, सर्वसुलभ र विशिष्टीकृत स्वास्थ्य सेवा, रणनीतिक र अधुरा पूर्वाधार आयोजना प्राथमिकतामा छन्।

'डिजिटल' किसान परिचयपत्र, उत्पादनशील मधेस, आत्मनिर्भर देश, कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार, 'किसानको शान, मधेसको मखान', उखु खेती सुधार परियोजना, सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ सार्वजनिक पोखरी संरक्षण अभियान, मधेस 'स्टार्ट अप फन्ड', आफ्नै प्रदेश आफ्नै रोजगारीजस्ता कार्यक्रम बजेटमा समेटिएको छ।

एक जिल्ला एक प्राविधिक शिक्षालय, मेरो स्वास्थ्य मेरो जिम्मेवारी, शिक्षित छोरी सुरक्षित मधेश, उद्यमशील नारीः समृद्ध प्रदेश, मधेस कृषि करिडोर, एक गाँउ एक 'डिप बोरिङ' र स्वच्छ खानेपानी अभियान, एक रूख विनाश, दश रूख विकास, प्लास्टिक मुक्त प्रदेश बजेटमा उल्लेख छ। कुल विनियोजनतर्फ रु १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार चालुतर्फ र २६ अर्ब ४७ करोड ५३ लाख पुँजीगततर्फ विनियोजन गरिएको छ।

बजेट कार्यान्वयनका लागि आन्तरिक राजस्व तथा विविध प्राप्तिबाट रु ११ अर्ब २२ करोड ७५ लाख, सङ्घीय राजस्वबाट रु १२ अर्ब ८३ करोड, वित्तीय अनुदान रु नौ अर्ब ४९ करोड ५९ लाख, बाँकी नगद मौज्दात रु ६ अर्ब आठ करोड ५२ लाख र न्यून हुने रु एक अर्ब ५० करोड रकम आन्तरिक ऋणबाट पूर्ति गरिने उल्लेख छ।

**कोशीको बजेट ४० अर्ब ४४ करोड**

'स्वच्छ सुखी र समुन्नत प्रदेश' को लक्ष्यका साथ कोशी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिंथेपले रु ४० अर्ब ४४ करोड ९८ लाख बराबरको बजेट प्रस्तुत गर्नुभएको छ।

कोशी प्रदेश सरकारले कुल विनियोजनमध्ये चालुतर्फ रु १३ अर्ब ९७ करोड ६३ लाख उपलब्ध गराएको छ। यस्तै, पुँजीगततर्फ रु २० अर्ब ७५ करोड ९९ लाख बराबरको बजेट विनियोजन गरेको छ।

चालु आवको रु ३५ अर्ब ८७ करोड ९९ लाख रहेकामा सङ्घीय सरकारबाट ससर्त अनुदान रु १४ करोड १५ लाख थप भएपछि खुद बजेट रु ३६ अर्ब दुई करोड १४ लाख कायम भएको थियो। त्यसमध्ये चालुतर्फ रु १८ अर्ब ७७ करोड ७९ लाख, पुँजीगततर्फ रु १७ अर्ब १४ करोड ३४ लाख र वित्तीय व्यवस्थामा रु १० करोड बराबर विनियोजन गरिएको थियो।

बजेटले सुशासन तथा संस्थागत विकास, आर्थिक विकास, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, वातावरण तथा विपद् व्यवस्थापन र सार्वजनिक वित्त व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ।

प्रादेशिक सडक सञ्जाल गुरुयोजनालाई कार्यान्वयन गर्ने, कोशी जनता आवास कार्यक्रम, सामुदायिक विद्यालय, रूफटफ सोलार कार्यक्रम, चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई, कोशी प्रदेश एकीकृत पर्यटन विकास गुरुयोजना, नेपाली मन आत्मीयपन, कोशी प्रदेश भ्रमण वर्ष, पढ्दै कमाउँदै कार्यक्रम, सक्षम छोरी कार्यक्रम, मेरो स्वास्थ्य मेरो जिम्मेवारी जस्ता कार्यक्रम बजेटमा समावेश छन्।

बजेट कार्यान्वयनका लागि आन्तरिक राजस्वबाट रु पाँच अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट रु १२ अर्ब ८७ करोड सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु नौ अर्ब १२ करोड, ससर्त अनुदानबाट रु पाँच अर्ब ९५ करोड, समपूरक अनुदानबाट रु ८४ करोड, विशेष अनुदानबाट रु ५५ करोड, रोयल्टीबाट रु ४१ करोड उपलब्ध हुनेछ।

**लुम्बिनीको बजेट ३७ अर्ब ३८ करोड**

'समृद्ध लुम्बिनीः खुसी नागरिक' भन्ने नाराका साथ लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले दुर्गममा विशेषज्ञ सेवा, मोबाइल मेडिकल भ्यानबाट स्वास्थ्यमा टेवा दिने र 'अधुरा गर पूरा एक घर एक धारा अभियान' सञ्चालन गर्ने कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको छ।

लुम्बिनी प्रदेशले आगामी आवका लागि रु ३७ अर्ब ३८ करोड ४५ लाख विनियोजन गरेको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु ११ अर्ब ११ करोड २७ लाख १० हजार, पुँजीगततर्फ रु २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रहेको छ।

वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्ब ५५ करोड ५२ लाख, आन्तरिक राजस्वः रु ६ अर्ब ६१ करोड ८५ लाख, सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट रु १२ अर्ब ३१ करोड ८४ लाख र रोयल्टीबाट रु ३० करोड प्राप्त हुनेछ।

यस्तै, वित्तीय समानीकरण अनुदानबाट रु आठ अर्ब ५६ करोड २६ लाख, सशर्त अनुदानबाट रु चार अर्ब ४५ करोड ६६ लाख, समपूरक अनुदानबाट रु ७६ करोड ५० लाख, विशेष अनुदानबाट रु ६३ करोड ३४ लाख र चालु आवको नगद मौज्दातबाट रु तीन अर्ब ७३ करोड परिचालन हुने अनुमान गरिएको छ।

**सुदूरपश्चिम प्रदेशको बजेट ३७ अर्ब ७० करोड**

'पोखौं पसिना, देशमै हाँसेर भन्ने नारा' का साथ सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले रु ३७ अर्ब ७० करोड बराबरको बजेट प्रस्तुत गर्नुभएको छ।

सुदूरपश्चिमको बजेट कार्यान्वियनका लागि आन्तरिक राजस्वबाट रु एक अर्ब ७२ करोड सङ्कलन हुने अनुमान गरिएको छ भने सङ्घीय सरकारबाट राजस्व बाँडफाँट भई रु १० अर्ब २४ करोड ९२ लाख ६६ हजार प्राप्त हुने उल्लेख छ।

सङ्घीय रोयल्टी बाँडफाँटबाट रु सात करोड, वित्तीय समानीकरण अनुदानबाट रु नौ अर्ब ६ करोड ३३ लाख, ससर्त अनुदान रु ६ अर्ब तीन करोड ५८ लाख, समपूरक अनुदान रु ३८ करोड ८० लाख र विशेष अनुदानबाट रु ५२ करोड ७६ लाख प्राप्त हुने अनुमान छ। यस्तै, चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने रु नौ अर्ब ६५ करोड पनि बजेटको आधार रहेको उल्लेख छ।

आर्थिक विकास, पूर्वाधार निर्माण, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखिएको बजेटमा युवा पलायन रोक्न स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्य राखिएको छ।

कृषि अध्ययन गरेका, वैदेशिक रोजगारीबाट फर्किएका र नवयुवाको कृषि उद्यमशीलतामा विकास गर्ने, दिगो र व्यवसायमुखी कृषि प्रणालीको प्रवर्द्धन गर्ने गरी बजेटले दिशानिर्देश गरेको छ।

**कर्णाली प्रदेशको बजेट ३५ अर्ब ३९ करोड**

कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले रु ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार बराबरको बजेट प्रस्तुत गर्नुभएको छ। चालुतर्फ रु आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार, पुँजीगततर्फ रु २० अर्ब ७४ करोड ६७ लाख १२ हजार विनियोजन गरिएको छ।

यस्तै, बजेट कार्यान्वयनका लागि आन्तरिक आय रु ८५ करोड पाँच लाख ९० हजार, चालु आवको बचत रु छ अर्ब ४१ करोड ५१ लाख, सङ्घीय सरकारको राजश्व बाँडफाँट रु १० अर्ब ६६ करोड ५० लाख, वित्तीय समानीकरण अनुदान रु १० अर्ब ६३ करोड २३ लाख र सशर्त अनुदान रु पाँच अर्ब ६७ करोड २५ लाख प्राप्त हुने उल्लेख छ।

यस्तै, समपूरक अनुदान रु ६६ करोड ७८ लाख, विशेष अनुदान रु ४८ करोड ५६ लाख प्राप्त हुनेछ। सो प्रदेश सरकारले युवा उद्यमशीलता विकास, उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई प्राथमिकता दिएको छ। आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न दिगो पूर्वाधार, उत्पादनशील मानव पुँजी र जनसाङ्ख्यिक लाभको उपयोग गर्ने रणनीति बजेटको छ।

**गण्डकीको बजेट ३२ अर्ब ९९ करोड**

गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले आगामी आर्थिक वर्षका लागि रु ३२ अर्ब ९९ करोड ९९ लाखको बजेट प्रस्तुत गर्नुभएको छ। उक्त बजेटमा चालुतर्फ १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार र पुँजीगततर्फ २० अर्ब दुई करोड ६१ लाख २२ हजार बराबर रहेको छ।

बजेट वक्तव्यमा आगामी आवका लागि खर्च व्यहोर्ने स्रोतमध्ये सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरणबाट रु सात अर्ब ८४ करोड ८२ लाख, राजस्व बाँडफाँटबाट रु १० अर्ब १६ करोड ४७ लाख ४८ हजार, रोयल्टी बाँडफाँटबाट रु ५१ करोड ४८ लाख, ससर्त अनुदानतर्फ रु तीन अर्ब ९३ करोड तीन लाख, समपूरक अनुदानतर्फ रु ५५ करोड ४६ लाख र विशेष अनुदानतर्फ रु ३९ करोड ५४ लाख प्राप्त हुने अनुमान गरिएको छ।

यस्तै, आन्तरिक राजस्व परिचालनबाट रु पाँच अर्ब ८४ करोड १८ लाख ५२ हजार प्राप्त हुने अनुमान गरिएको छ। चालु आवको वार्षिक कार्यक्रम कार्यान्वयनपश्चात् रु दुई अर्ब नगद मौज्दात रहने अनुमान छ। यसरी न्यून हुने रकम एक अर्ब ७५ करोड आन्तरिक ऋण परिचालनबाट पूर्ति गरिने छ।

गण्डकी सरकारले घरेलु मदिरा उत्पादनलाई ब्रान्डिङ तथा नियमन गर्ने कार्यक्रम बजेटमा समावेश गरेको छ। त्यस्तै, औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन गर्दै अनुसन्धान, उत्पादन र मूल्य शृङ्खला विकासमा आधारित प्रणाली निर्माण गर्ने कार्यक्रम समावेश गरेको छ।

रुग्ण गोरखाली रबर उद्योग र भृकुटी कागज कारखाना पुनः सञ्चालनका लागि संघ सरकारसँग समन्वय गर्ने, धौवादी फलामखानी उत्खनन तथा खानी अन्वेषणका कार्यक्रम पनि समावेश गरिएको छ।

## *पत्रकार लोकतन्त्रका ...*

सुरक्षा, क्षमता विकास र सेवा सुविधा विस्तारका लागि प्राधिकरण प्रतिबद्ध रहेको बताउँदै संघीयता किन आवश्यक छ र यसलाई अझ प्रभावकारी कसरी बनाउने भन्ने विषयमा गम्भीर बहस हुनुपर्ने आवश्यकता समेत औंल्याए।

संघीय संरचनाको प्रभावकारिता बढाउन मन्त्रालय तथा प्रशासनिक संरचनाको पुनरावलोकनबारे पनि राष्ट्रिय स्तरमा छलफल आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रममा प्रशिक्षक प्राध्यापक खिमलाल देवकोटा र सञ्चारविद् भोगेन्द्र झाले संघीयताको अवधारणा यसको विकासक्रम तथा संघीय शासन व्यवस्थामा सञ्चारमाध्यमको भूमिकाबारे सहजीकरण गरेका थिए। उनीहरूले संघीयता सम्बन्धी विषयलाई तथ्य, प्रमाण र जनसरोकारसँग जोडेर समाचार लेख्नुपर्नेमा जोड दिए।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लाबाट सहभागी सञ्चारकर्मीलाई संघीय शासन व्यवस्था, संवैधानिक अधिकार, प्रदेश र स्थानीय सरकारको भूमिका तथा संघीयतासँग सम्बन्धित विषयमा समाचार लेखनका व्यावहारिक पक्षबारे प्रशिक्षण दिइने छ।



# नागरिक संवादको थलो बन्दै 'हेलो सरकार': उजुरी र गुनासो व्यवस्थापनमा उल्लेख्य सुधार

काठमाडौँ, ३ असार (रासस)।

सेवा प्रवाहमा नागरिकका गुनासा, सुझाव, जिज्ञासालाई राज्य संयन्त्रसम्म सहज रूपमा पुर्‍याई तिनको प्रभावकारी सम्बोधन गर्ने उद्देश्यले सञ्चालनमा रहेको 'हेलो सरकार' प्रणाली सार्वजनिक प्रशासन र सुशासनको महत्वपूर्ण औजारका रूपमा स्थापित हुँदै गएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सञ्चालित यो विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा नागरिकको पहुँच विस्तार भएसँगै उजुरी तथा गुनासोको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ। सरकारले यो प्रणालीलाई गुनासो सुनुवाइको माध्यममा सीमित नराखी नागरिक-सरकार संवाद, नीतिगत सुधार तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर मापन गर्ने एकीकृत 'प्लेटफर्म'का रूपमा विकास गर्ने रणनीतिसहित अघि बढाएको छ।

शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर २४ मा २४ घण्टा नै राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने लक्ष्य राखिएको थियो। त्यसलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको 'हेलो सरकार' शाखामार्फत कार्यान्वयनमा ल्याइसकेको छ। कार्यसूचीको सोही बुँदामा रहेको फोन, मोबाइल एप, वेबपोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने 'बहुच्यानल' प्रणाली स्थापना गर्ने काम अन्तिम चरणमा पुगेको प्रधानमन्त्री कार्यालयअन्तर्गतको हेलो सरकार शाखाका उपसचिव कृष्णप्रसाद सापकोटाले जानकारी दिनुभयो। बहुच्यानल प्रणाली कार्यान्वयनमा आउनेबित्तिकै विभिन्न माध्यमबाट हेलो सरकारमा आएका उजुरी तथा गुनासोहरू स्वचालित रूपमा सम्बन्धित कार्यालयसम्म जाने मात्र नभई त्यसको निगरानीसमेत प्रभावकारी ढङ्गले हुने र नतिजा प्राप्तिमा समेत सहज हुने अपेक्षा गरिएको छ।

त्यस्तै, बुँदा नम्बर २५ मा हेलो सरकारलाई स्तरोन्नति गरी नागरिक संवादको प्लेटफर्मका रूपमा विकास गर्ने, एकीकृत 'ड्यासबोर्ड'मार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गर्ने तथा गुनासो समाधानको प्रगति वास्तविक समयमा अनुगमन गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ। सोही अनुसार अहिले सरकारले 'हेलो सरकार'मा आउने गुनासोलाई नीतिगत बहसको आधार बनाउने तयारी गरिरहेको छ। नागरिकका गुनासा र सुझाववबाट प्राप्त सूचना विश्लेषण गरी आवश्यक नीति निर्माणसहित सुधार प्रक्रियामा उपयोग गर्ने अवधारणा विकास भइरहेको उपसचिव सापकोटाले राससससँग बताउनुभयो।

त्यस्तै, आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले समेत हेलो सरकारलाई 'सरकार-नागरिक' संवादको केन्द्रीय प्लेटफर्मका रूपमा विकास गर्ने नीति लिएको छ। बजेटमा सरकारी कार्यालयहरूमा 'डिजिटल टाइमकार्ड' लागू गर्ने तथा हेलो सरकारमार्फत प्राप्त गुनासो निश्चित समयसीमाभित्र सम्बोधन गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख छ। गुनासो सम्बोधनको अवस्थालाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग समेत जोड्ने तयारी भइरहेको छ। यसबाट सार्वजनिक प्रशासनमा उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको विकास हुने उपसचिव सापकोटा बताउनुहुन्छ।

प्रविधिको उपयोगलाई थप विस्तार गर्दै हेलो सरकारले कृत्रिम बौद्धिकता (एआई) आधारित प्रणाली विकासको तयारी पनि गरिरहेको छ। अब गुनासो दर्ता हुनेबित्तिकै स्वचालित रूपमा सम्बन्धित कार्यालयमा पुग्ने, गुनासोकर्तालाई जानकारी गराउने तथा प्रगति अवस्थाबारे नियमित सूचना दिने प्रणाली लागू हुनेछ। टेलिफोनमार्फत प्राप्त हुने गुनासोलाई समेत एआईको सहयोगमा स्वतः शब्दमा रूपान्तरण गरी प्रणालीमा प्रविष्ट गर्ने प्रविधि विकास गर्ने तयारी गरिएको छ। यसबाट हाल प्रणालीमा दर्ता नभई टेलिफोनबाटै समाधान हुने कतिपय गुनासो पनि अभिलेखीकरणको दायरामा आउने अपेक्षा गरिएको छ।

हाल हेलो सरकारको विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन्। उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन सिफ्टमा २४सै घण्टा खटिएका छन्। प्रधानमन्त्री कार्यालयले हेलो सरकारलाई प्रत्यक्ष गुनासो फछ्र्यौट गर्ने निकायभन्दा पनि नीतिगत सहजीकरण, स्रोत व्यवस्थापन र अनुगमन गर्ने निकायका रूपमा विकास गर्ने रणनीति लिएको छ।

## गुनासो दर्ता र फछ्र्यौटमा हालसम्मकै उच्च आँकडा

हेलो सरकार सार्वजनिक निकायका कामकारबाहीसम्बन्धी जिज्ञासा, गुनासो तथा सुझाव सम्बोधन गर्ने उद्देश्यले स्थापना गरिएको प्रणाली हो। सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको 'हेलो सरकार गुनासो व्यवस्थापन ( पहिलो संशोधन) निर्देशिका, २०७८'ले नागरिकलाई सरकारी निकायका कामकारबाहीसम्बन्धी गुनासालाई प्रत्यक्ष, सरल र व्यवस्थित ढङ्गले सम्बोधन गर्न सक्ने कानुनी आधार प्रदान गरेको छ।

उक्त निर्देशिकाले प्राप्त गुनासोलाई शीघ्र सम्बोधन गर्ने, सेवा प्रवाहसम्बन्धी जिज्ञासाको समाधान गर्ने तथा प्रभावकारी गुनासो सञ्जाल विस्तार गर्ने उद्देश्य लिएको छ। करिब डेढ दशकअगाडि २०६८ कात्तिक १७ गतेबाट हेलो सरकार सेवा सञ्चालनमा आएको भए पनि त्यसलाई प्रभावकारी बनाउन सकिएको थिएन। विद्यमान सरकारले शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमा नै यो विषय समावेश गरेपछि अहिले नागरिकका गुनासो दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख प्रगति देखिएको छ।

पछिल्ला तीन वर्षको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०८०/८१ मा ११ हजार ९३२ वटा गुनासो तथा उजुरी प्राप्त भएका थिए। आव २०८१/८२ मा यो सङ्ख्या बढेर १७ हजार ९७७ पुगेको थियो। तर चालु आव २०८२/८३ को जेठ मसान्तसम्ममा उल्लेख्य सङ्ख्यामा वृद्धि भई ४५ हजार ६२३ वटा गुनासो तथा उजुरी दर्ता भइसकेका छन्। यो सङ्ख्या टेलिफोनमार्फत प्राप्त भई तत्काल समाधान भएका गुनासोबाहेकको हो। यो तथ्याङ्कले पनि सार्वजनिक सेवा, सुशासन तथा उत्तरदायित्वका विषयमा नागरिकको चासो र सहभागिता उल्लेखनीय रूपमा बढेको देखिन्छ।

प्रधानमन्त्री कार्यालयका अनुसार मंगलबार असार २ गते मङ्गलबार बिहान ९:०० बजेसम्म हेलो सरकार प्रणालीमा कुल एक लाख १६ हजार सातवटा गुनासो दर्ता भइसकेका छन्। तीमध्ये ६५ हजार ४६९ वटा अर्थात् कुल गुनासोको ५६.४४ प्रतिशत फछ्र्यौट भइसकेका छन्। सम्बन्धित निकायबाट हेरिए पनि कार्य प्रक्रियामा प्रवेश नगरेका गुनासो १७ हजार ३७९ अर्थात् १४.९८ प्रतिशत छन्। त्यस्तै, प्रशोधन तथा अनुसन्धानका क्रममा रहेका गुनासो १६ हजार ५३२ अर्थात् कुल गुनासोको १४.२७ प्रतिशत रहेका छन्।

वर्तमान सरकार गठन भएको गत चैत १३ गते यही असार १ गते सोमबार दिउँसो १:०० बजेसम्म सात हजार १५० वटा गुनासो पूर्ण रूपमा फछ्र्यौट भइसकेका छन्। पाँच हजार ३३ वटा गुनासो समाधान भए पनि प्रशासनिक प्रक्रियाका कारण अन्तिम फछ्र्यौट हुन बाँकी रहेका छन्। उपसचिव सापकोटाका अनुसार १९ हजार २३९ वटा गुनासो विभिन्न निकायमा प्रक्रियागत चरणमा रहेका छन्। यो तथ्याङ्कले पनि गुनासो व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको देखाउँछ।

हेलो सरकारमा प्राप्त गुनासोमध्ये सबैभन्दा धेरै प्रहरी प्रधान कार्यालयसँग सम्बन्धित छन्। प्रहरीसँग सम्बन्धित १० हजार ९७५ वटा गुनासो दर्ता भएका छन्। त्यसपछि नेपाल विद्युत् प्राधिकरणसँग सम्बन्धित पाँच हजार ४५, गृह मन्त्रालयसँग सम्बन्धित तीन हजार १२८, एकीकृत डाटा व्यवस्थापन केन्द्रसँग सम्बन्धित तीन हजार १२३, स्वास्थ्य तथा खाद्य स्वच्छता क्षेत्रसँग सम्बन्धित दुई हजार ९७२ तथा शिक्षा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित दुई हजार ७९६ वटा गुनासो प्राप्त भएका छन्। सडक विभाग, काठमाडौँ महानगरपालिका, त्रिभुवन विश्वविद्यालय, यातायात व्यवस्था विभागलगायतका निकायसँग सम्बन्धित गुनासो पनि उल्लेख्य सङ्ख्यामा प्राप्त भएको देखिन्छ।

नागरिकले विभिन्न माध्यमबाट हेलो सरकारसमक्ष गुनासो दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ। हाल करिब ४७ प्रतिशत गुनासो हेलो सरकारको वेबसाइटमार्फत प्राप्त हुने गरेका छन् भने ४२ प्रतिशत गुनासो नागरिक एपमार्फत आउने गरेका छन्। यसबाहेक टोल फ्री नम्बरमा फोन गरेर, इमेलमार्फत, फेसबुक, एक्स (ट्वीटर), भाइबर, ह्वाट्सएप, एसएमएस, पत्राचार, गुनासो निवेदन पठाएर तथा प्रत्यक्ष उपस्थित भएरसमेत गुनासो दर्ता गर्न सकिन्छ।

निर्देशिकाअनुसार गुनासोकर्ताले आफ्नो व्यक्तिगत विवरण, सम्पर्क नम्बर, इमेल, गुनासोको सङ्क्षिप्त विवरण तथा सम्बन्धित निकायको विवरण खुलाउनुपर्ने व्यवस्था छ। आवश्यक परे आफ्नो परिचय गोप्य राख्न सकिने सुविधा पनि उपलब्ध छ।

हेलो सरकारमा हाल ११७ वटा शीर्षकमा गुनासो दर्ता गर्न सकिन्छ। सार्वजनिक सेवामा विभेद, सेवा प्राप्तिमा अवरोध, गैरकानुनी क्रियाकलापबाट भएको क्षति, संवैधानिक तथा कानुनी अधिकारको प्रयोगमा बाधा, भ्रष्टाचार, महिला हिंसा, जातीय विभेद, वातावरण प्रदूषण, सार्वजनिक सम्पत्तिको दुरुपयोग, विकास निर्माणका समस्या, संस्थागत सुधारका सुझाव तथा नीतिगत सुधारका प्रस्तावजस्ता विषयमा गुनासो दर्ता हुने गरेका छन्।

गुनासोको प्रकृति हेरेर हेलो सरकारले तिनलाई तुरुन्त, अति जरुरी, जरुरी र साधारण गरी चार वर्गमा विभाजन गर्ने व्यवस्था गरेको छ। देशको शान्तिसुरक्षा, जीउज्यान तथा व्यक्तिगत सुरक्षासँग सम्बन्धित विषय, विपद् व्यवस्थापन तथा संवेदनशील प्रकृतिका विषय तुरुन्त वा अति जरुरी श्रेणीमा राखिन्छन्। यस्ता गुनासो तत्काल सम्बोधन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, जरुरी प्रकृतिका गुनासो सात दिनभित्र र साधारण प्रकृतिका गुनासो १५ दिनभित्र सम्बोधन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ।

सो प्रणालीमा गुनासो दर्ता भएपछि सम्बन्धित निकायका गुनासो सुन्ने अधिकारीलाई मोबाइल, एप, एसएमएस वा अन्य विद्युतीय माध्यमबाट स्वचालित सूचना पुग्ने व्यवस्था छ। सम्बन्धित निकायले समयसीमाभित्र प्रगति विवरण अद्यावधिक गर्नुपर्छ भने गुनासो सम्बोधन भएपछि सम्बन्धित कागजातसहित विवरण 'पोर्टल'मा 'अपलोड' गरी फछ्र्यौट गर्नुपर्छ। सम्बन्धित निकायका प्रमुखले समेत पोर्टलमार्फत नियमित अनुगमन गरी आवश्यक निर्देशन दिनसक्ने व्यवस्था रहेको छ।

यद्यपि, उक्त प्रणाली सञ्चालनका क्रममा केही चुनौती पनि देखिएका छन्। अदालतमा विचाराधीन विषय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुसन्धानमा रहेको विषय तथा कानुनी प्रक्रियामा रहेका कतिपय उजुरी हेलो सरकारबाट तत्काल फछ्र्यौट गर्न सकिँदैन। त्यसैगरी, एउटै विषयमा पटकपटक गुनासो दर्ता हुने, अपूर्ण वा अपुष्ट विवरणसहितका उजुरी आउने, टुङ्गो लागिसकेका विषय पुनः उठाइने तथा कसैलाई हैरानी दिने उद्देश्यले समेत गुनासो आउने गरेका छन्। प्रधानमन्त्री कार्यालयका अनुसार केही पेसेवर गुनासोकर्ता तथा समूहबाट मात्रै दैनिक ठूलो सङ्ख्यामा उजुरी आउने प्रवृत्ति पनि देखिएको छ।

सङ्घीय सरकारसँगै प्रदेश सरकारले 'हेलो मुख्यमन्त्री' तथा स्थानीय तहहरूले 'हेलो मेयर'जस्ता कार्यक्रम सञ्चालन गरिरहेका छन्। एउटै प्रकृतिका सेवा फरकफरक प्रणालीबाट सञ्चालन हुँदा समन्वय र तथ्याङ्क व्यवस्थापनमा चुनौती देखिएको भन्दै प्रधानमन्त्री कार्यालयले यस्ता प्रणालीलाई क्रमशः एकीकृत गरी एउटै राष्ट्रिय गुनासो व्यवस्थापन संरचनामा आबद्ध गर्ने विषयमा अध्ययन र तयारी गरिरहेको छ।

नागरिकका गुनासोलाई राज्य संयन्त्र सुधारको आधार बनाउने, सेवा प्रवाहलाई थप उत्तरदायी बनाउने, प्रविधिमैत्री शासन प्रणाली विकास गर्ने तथा सुशासन प्रवर्द्धन गर्ने दिशामा सरकारले थालेका सुधारका प्रयास कार्यान्वयनमा सफल भए हेलो सरकार आगामी दिनमा नेपालमा नागरिक-सरकार सम्बन्ध सुदृढ गर्ने सबैभन्दा प्रभावकारी माध्यमका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ।

## विश्व समाचार

### वार्ताअघि तेल निर्यात सुरु

तेहरान, ३ असार (रासस/एएफपी)।

अमेरिका र इरानबीच शान्ति सम्झौताका अन्तिम वार्ता सुरु हुन दुई दिन बाँकी रहँदा इरानी तेल ट्याङ्करहरू अमेरिकी नाकाबन्दी क्षेत्रबाट बाहिर निस्कन थालेका छन्। यसलाई दुई महिनापछि इरानको पहिलो कच्चा तेल निर्यातका रूपमा हेरिएको छ र मध्यपूर्वमा तनाव कम हुने अपेक्षा बढेसँगै विश्व तेल बजारमा पनि यसको प्रभाव परेको छ। हर्मुज जलघाँटी पुनः सञ्चालनमा आएको सङ्केत पाएसँगै अन्तरराष्ट्रिय तेल मूल्य घटेको छ। यहीबीच शुक्रबार स्विट्जरल्यान्डको बर्गेनस्टक पर्वतीय रिसोर्टमा अमेरिका र इरानबीच अन्तिम सम्झौतासम्बन्धी वार्ता सुरु हुने तयारी भइरहेको छ। वार्तामा इरानको आणविक कार्यक्रम र अन्तरराष्ट्रिय प्रतिबन्ध हटाउने विषय मुख्य एजेन्डाका रूपमा रहने बताइएको छ।

तेल ढुवानी अनुगमन गर्ने 'ट्याङ्करट्र्याकर' वेबसाइटले स्याटेलाइट तस्बिर र डिजिटल ट्र्याकिङ तथ्याङ्कका आधारमा कम्तीमा दुई इरानी सुपरट्याङ्कर अमेरिकी नौसैनिक नाकाबन्दी क्षेत्रबाट बाहिरिएको जनाएको छ। 'डिओना' र 'हिरो-२' नामका ती ट्याङ्करमा संयुक्त रूपमा करिब ३८ लाख ब्यारेल इरानी कच्चा तेल रहेको बताइएको छ। पछि तेस्रो ट्याङ्कर पनि बाहिरिएको जानकारी सार्वजनिक गरिएको थियो। अधिकारीहरूका अनुसार प्रारम्भिक सहमतिपछि सुरु हुने ६० दिने वार्ताले इरानको आणविक कार्यक्रमको भविष्य र आर्थिक प्रतिबन्ध हटाउने प्रक्रियाबारे अन्तिम निर्णय गर्नेछ।

अमेरिकी पत्रिका वाल स्ट्रिट जर्नलले सम्झौतासँग परिचित स्रोतहरूलाई उद्धृत गर्दै युद्ध अन्त्यसम्बन्धी सहमतिअन्तर्गत अमेरिकाले इरानलाई तत्काल तेल तथा इन्धन बिक्री गर्न अनुमति दिने जनाएको छ। प्रतिबन्ध खुकुलो पार्ने व्यवस्थामा बैंकिङ, यातायात र बिमा सेवा पनि समेटिने बताइएको छ। यद्यपि अमेरिकाभित्रै सम्झौताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ। केही रिपब्लिकन सांसदहरूले ट्रम्प प्रशासनसँग सम्झौताको पूर्ण पाठ र विस्तृत जानकारी माग गरेका छन्। सिनेटका बहुमत नेता जोन थुनले सम्झौताको वास्तविक स्वरूप बुझ्न आवश्यक रहेको बताउनुभयो।

शान्ति प्रक्रियामाथि क्षेत्रीय तनाव अझै कायमै छ। इजरायली सेनाले दक्षिण लेबनानमा आफ्ना कारबाही जारी रहेको जनाएको छ भने रकेट प्रहार रोकिएको र प्रक्षेपण स्थलमाथि हवाई आक्रमण गरिएको दाबी गरेको छ। लेबनानको सरकारी समाचार संस्थाका अनुसार मेफादुन र सुकिन क्षेत्रमा भएका आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको छ। त्यसपछि इरानको केन्द्रीय सैन्य कमान्डले इजरायललाई 'कठोर प्रतिक्रिया' को चेतावनी दिएको छ।

एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्प, उपराष्ट्रपति जेडी भान्स, इरानका उपविदेश मन्त्री माजिद तख्त-राभान्ची र शीर्ष वार्ताकार मोहम्मद बाघेर घालीबाफले प्रारम्भिक ढाँचा सम्झौतामा विद्युतीय हस्ताक्षर गरिसक्नुभएको छ। इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबारदेखि इरान र अमेरिकाबीच नयाँ चरणको वार्ता सुरु हुने जानकारी दिँदै अन्तिम सम्झौतामा आणविक मुद्दा र प्रतिबन्ध हटाउने विषयमा निर्णय हुने बताउनुभयो।

हर्मुज पुनः खुल्ने अपेक्षाले विश्व बजारमा तेलको मूल्य घटेको छ। अन्तरराष्ट्रिय मापदण्ड ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल ७८.७४ डलरमा झरेको छ भने अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियेट ७५.८५ डलर प्रतिब्यारेलमा कारोबार भएको छ। पाकिस्तान र कतारको मध्यस्थतामा भएको अप्रत्यक्ष वार्ताले अन्तरिम सहमतिसम्म पुग्न मद्दत गरेको भए पनि इरानको युरेनियम संवर्धन कार्यक्रम र पश्चिमी प्रतिबन्धजस्ता जटिल विषय अझै समाधान हुन बाँकी छन्। अमेरिका र इजरायलले इरानलाई उच्च संवर्धित युरेनियम भण्डार त्याग्न दबाब दिइरहेका छन् भने इरानले आफ्नो संवर्धन अधिकार कायम राख्ने अडान दोहोर्‍याएको छ।

यसैबीच, ट्रम्पले सम्झौताको पाठ चाँडै सार्वजनिक गर्न सकिने सङ्केत दिनुभएको छ। इरानको रूढिवादी पत्रिका भातान-ए इमरोजले उक्त सम्झौतालाई 'ट्रम्पको आत्मसमर्पण दस्तावेज' भनेर वर्णन गरेको छ। अराघचीले विगतका अनुभव स्मरण गराउँदै सतर्कता आवश्यक रहेको बताउनुभएको छ। उहाँका अनुसार इरानले विगतमा पटक-पटक सम्झौता उल्लङ्घन र प्रतिबद्धता तोडिएको अनुभव भोगिसकेको छ।

उपराष्ट्रपति भान्सले अमेरिकी करदाताको रकम इरानमा नजाने स्पष्ट पार्दै आणविक निरीक्षकहरूलाई इरान प्रवेशको अनुमति दिइने बताउनुभएको छ। यद्यपि इरानी सञ्चारमाध्यमले १२ अर्ब डलर बराबरको रोक्का सम्पत्ति फुकुवा हुन सक्ने दाबी गरेका छन्। विश्लेषकहरूले भने इजरायल र इरान समर्थित हिजबुल्लाहबीचको समानान्तर द्वन्द्व नै कूटनीतिक प्रयासका लागि सबैभन्दा ठूलो चुनौती बनेको बताएका छन्। मार्चमा हिजबुल्लाहले इजरायलमाथि रकेट आक्रमण गरेपछि लेबनान युद्धमा तानिएको थियो, जसले क्षेत्रीय तनावलाई अझ गहिरो बनाएको छ।

### अमेरिका-इरान सम्झौता घोषण पछि लेबनानका विस्थापितहरूको स्वदेश फिर्ती सुरु : राष्ट्रसंघ

न्युयोर्क, ३ असार (रासस/क्युएनए)।

अमेरिका र इरान बीच भएको सम्झौताको घोषणा पछि लेबनानबाट विस्थापित भएका परिवारहरू सावधानीपूर्वक आफ्नो घर फर्कन थालेको संयुक्त राष्टसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले बताएको छ। विज्ञप्ति जारी गर्दै ओसिएइचएले दक्षिण लेबनानमा लगभग दुई हजार ७०० मानिसहरूले सोमबार सामूहिक आश्रयहरू छोडेर आफ्नो थात-थलो फर्किएको जनाइएको छ। सामूहिक रुपमा आश्रयमा बसोबास गर्दै आएका विस्थापित व्यक्तिहरूको सङ्ख्या विगत चार दिनमा लगभग दश हजारले घटेर शुक्रबार लगभग एक लाख ३४ हजार पुगेको जनाइएको छ। लेबनानमा आइतबार देखि हिंसाको तीव्रता घटेको भए पनि दक्षिणी लेबनानमा निरन्तर घटनाहरूको रिपोर्ट गरिएको छ। जसले बासिन्दाहरूको घर फर्किने र स्वतन्त्र रूपमा आफ्नो वास-स्थानमा सर्ने क्षमतालाई प्रत्यक्ष असर पारेको जनाइएको छ। यसरी मानिसहरु आ-आफ्नो वासस्थान फर्किरहेको अवस्थामा जमिन मुनि राखिएका हतियारको उपस्थिति एक प्रमुख चिन्ताको विषय बनेको जनाइएको छ। यस सन्दर्भमा, ओसिएइचएले नागरिकहरूको सुरक्षा र दिगो मानवीय सहायताको सुरक्षित, स्वैच्छिक फिर्ती सुनिश्चित गर्न आफ्नो आह्वानलाई नवीकरण गरेको छ।

# खडक नगरपालिकालाई बालश्रम मुक्त घोषणा




**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

सप्तरीको खडक नगरपालिकालाई बालश्रम मुक्त घोषणा गरिएको छ । योसँगै खडक नगरपालिका मधेश प्रदेशकै दोस्रो तथा सप्तरीको पहिलो पालिका बन्न सफल भएको छ ।

बालश्रम न्यूनीकरण तथा बालअधिकार संरक्षणका क्षेत्रमा गरिएको दीर्घकालीन प्रयासको उपलब्धिस्वरूप बुधबार आयोजित विशेष समारोहबीच नगरपालिकालाई बालश्रममुक्त घोषणा गरिएको हो ।

कार्यक्रममा नगर प्रमुख जयप्रकाश चौधरी र उपप्रमुख रिता कुमारी चौधरीले संयुक्त रूपमा घोषणापत्र वाचन गर्दै नगरपालिकालाई बालश्रममुक्त पालिका घोषणा गरे ।

कार्यक्रममा बाल कल्याण अधिकारी अनिता कुमारी साहले बालश्रममुक्त नगरपालिका घोषणा सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै बालश्रम न्यूनीकरण अभियान सञ्चालन निर्देशिकाले तोकेका सबै सूचकहरू पूरा भएपछि नगरपालिकालाई बालश्रममुक्त घोषणा गरिएको जानकारी दिइन् ।

उनका अनुसार खडक नगरपालिका, सबल नेपाल तथा सेभ द चिल्ड्रेनको साझेदारीमा विगत केही वर्षदेखि बालश्रम न्यूनीकरणका लागि विभिन्न जनचेतनामूलक तथा संरक्षणमुखी कार्यक्रम सञ्चालन हुँदै आएका थिए । यस क्रममा पालिकास्तरीय विस्तृत घरधुरी सर्वेक्षण, बालश्रमको अवस्था पहिचान तथा अभिलेखीकरण, विद्यालय भर्ना तथा पुनःभर्ना अभियान, बालअधिकार तथा बाल संरक्षणसम्बन्धी सचेतना कार्यक्रम, अभिभावक अभिमुखीकरण, बाल क्लब तथा किशोर समूह परिचालन, वडा बालअधिकार समिति सक्रियता, जोखिमयुक्त बालश्रममा रहेका बालबालिकाको उद्धार तथा पुनर्स्थापना लगायतका कार्यक्रम सञ्चालन गरिएको थियो ।

घोषणा कार्यक्रममा वडा नं. १० का अध्यक्ष राजेन्द्र प्रसाद चौधरी, वडा नं. ३ का अध्यक्ष देवनारायण चौधरी, वडा नं. ८ का अध्यक्ष बिन्दुलाल चौधरी, वडा नं. ७ का निमित्त वडा अध्यक्ष गुलाब खाँ, वडा सदस्य मोहनी चौधरी, महिला तथा बालबालिका शाखा प्रमुख सुशिला चौधरी, बाल कल्याण अधिकारी अनिता कुमारी साह, शिक्षा शाखा प्रमुख वीरेन्द्र दास, स्वास्थ्य शाखाका जीवनारायण चौधरी, सामाजिक विकास शाखाका जाकिर हुसेन, नगर बाल सञ्जालका अध्यक्ष शिवशंकर मण्डल, सबल नेपालका अध्यक्ष जुना गिरी, सेभ द चिल्ड्रेनका वरिष्ठ कार्यक्रम संयोजक मकरबहादुर सार्की, सबल नेपालका फिल्ड अफिसर अशोक कुमार साह लगायत जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकायका प्रतिनिधि तथा बालबालिकाहरूको सहभागिता रहेको थियो ।

# ट्राफिक नियम पालना तथा सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक सप्ताह




**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

दुर्घटनामुक्त समाज निर्माणको सन्देशसहित राजविराजमा ट्राफिक सप्ताह कार्यक्रम सुरु गरिएको छ ।

ट्राफिक नियम पालना तथा सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक सप्ताह २०८३ आयोजना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सप्तरीको आयोजना तथा जिल्ला प्रहरी कार्यालय सप्तरीको सहकार्यमा आयोजित उक्त प्रभातफेरीमा नेपाल प्रहरी, ट्राफिक प्रहरी, विभिन्न सङ्घसंस्था, विद्यार्थी, शिक्षक तथा सर्वसाधारण नागरिक सहभागि थिए ।

‘ट्राफिक नियमको पालना गरौँ, दुर्घटनाबाट आफू बचौँ र अरूलाई बचाऔँ’ भन्ने मूल नारासहित निकालिएको प्रभातफेरीले राजविराज नगरका प्रमुख सडकहरू परिक्रमा गर्दै सडक सुरक्षा, सवारी अनुशासन र ट्राफिक सचेतनाको सन्देश प्रवाह गरिएको छ ।

कार्यक्रममा सहभागीले ट्राफिक नियमको पालना, हेल्मेटको अनिवार्य प्रयोग, सिटबेल्ट बाँध्ने बानी, मदिरा सेवन गरी सवारी नचलाउने तथा पैदलयात्रीको सुरक्षामा विशेष ध्यान दिनुपर्ने विषयमा जनचेतनामूलक सन्देश दिएका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले सप्ताहभर विभिन्न जनचेतनामूलक कार्यक्रम, अन्तरक्रिया, प्रशिक्षण तथा सडक सुरक्षासम्बन्धी अभियान सञ्चालन गर्ने जनाएको छ ।

# स्वास्थ्य बिमाका लागि थप भुक्तानी प्रक्रिया अगाडि बढ्यो

काठमाडौं, ३ असार (रासस) ।

स्वास्थ्य बिमा बोर्डले देशका विभिन्न २०२ सेवा प्रदायक अस्पताललाई बिमा भुक्तानीका लागि थप रु ९१ करोड १८ लाख ९४ हजार भुक्तानी गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य बिमा तथा विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत बाँकी दायित्व भुक्तानीलाई प्राथमिकतामा राख्दै रकम निकासा सहजीकरण गरिरहेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीका अनुसार यसअघि गत जेठको दोस्रो साता स्वास्थ्य बिमा दाबीबापत रु एक अर्ब तीन करोड २४ लाख ७७ हजार भुक्तानी गरिएको थियो । उहाँका अनुसार गत जेठ २१ गते विपन्न नागरिकको औषधि उपचार खर्चबापत रु ३२ करोड १३ लाख ६ हजार निकासा गरिएकोमा सोही महिनाको २७ गते थप रु २७ करोड ३७ लाख ७८ हजार भुक्तानी गरियो ।

गत मङ्सिरसम्मको बिमा दाबीमध्ये भुक्तानी दिन बाँकी रु सात अर्ब र पुसदेखि असारसम्मको रु साढे १४ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ ।

सहप्रवक्ता अधिकारीका अनुसार सरकारले विगतका वर्षदेखि बाँकी रहेको बिमा दाबी तथा विपन्न नागरिकको औषधि उपचारसम्बन्धी रकम भुक्तानीलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक स्रोत व्यवस्थापन र भुक्तानी प्रक्रियालाई तीव्रता दिएको छ ।

# अनावश्यक तथा शङ्कास्पद ‘एप डाउनलोड’ नगर्न साइबर ब्यूरोको आग्रह

काठमाडौँ, ३ असार (रासस) ।

नेपाल प्रहरीको साइबर ब्यूरोले विश्वकप फुटबल २०२६ हेर्न सकिने भन्दै प्रचार गरिएका अनावश्यक तथा शङ्कास्पद ‘एपहरू डाउनलोड’ तथा ‘इन्स्टल’ नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

ब्यूरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक दिलीपकुमार गिरीद्वारा जारी विज्ञप्तिमा पछिल्लो समय सामाजिक सञ्जाल तथा विभिन्न ‘अनलाइन’ माध्यममार्फत विश्वकप २०२६ हेर्न सकिने भन्दै ‘एन्ड्रोइड एप इन्स्टल’ गर्न लगाउने, विभिन्न प्रकारका अनुमति माग्ने र त्यसको दुरुपयोग गरी मोबाइल बैङ्किङ एप ह्याक गरेर आर्थिक ठगी गर्ने गतिविधि बढ्दै गएको उल्लेख गरिएको छ ।

साइबर ब्यूरोले एपिके, इएक्सइ, बट, इएचलगायत अनावश्यक तथा अपरिचित फाइलहरू डाउनलोड गरी इन्स्टल नगर्न सचेत पनि गराएको छ । साथै बैङ्क तथा वित्तीय संस्थाहरूको आधिकारिक सूचना र निर्देशनका आधारमा मात्र बैङ्किङ प्रणाली ‘अपडेट’ गर्न अनुरोध गरिएको छ ।

ब्यूरोले यस विषयसँग सम्बन्धित सचेतनामूलक सामग्रीहरू आफ्नो आधिकारिक ‘फेसबुक पेज’मार्फत सार्वजनिक गरिरहेको जनाएको छ । विश्वकप फुटबलको नाममा हुने साइबर ठगीबाट जोगिन सर्वसाधारणलाई सचेत रहन र आवश्यक जानकारी आधिकारिक स्रोतबाट मात्र प्राप्त गर्न आग्रह गरिएको छ ।

# चार सदस्यीय छानबिन समिति गठन

काठमाडौँ, ३ असार (रासस) ।

सूचना तथा सञ्चार मन्त्रालयले सार्वजनिक सेवा प्रसारण संस्था नेपाल टेलिभिजनले विभिन्न समयमा गरेका उपकरण तथा प्रविधि खरिद प्रक्रियाको अध्ययन एवं छानबिन गर्न चार सदस्यीय समिति गठन गरेको छ ।

मन्त्रालयका अनुसार २०८३ असार १ गते मन्त्रीस्तरीय निर्णयबाट डा सुदीप भट्टराईको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरिएको हो । समितिलाई नेपाल टेलिभिजनले खरिद गरेका विभिन्न उपकरण, सफ्टवेयर तथा डिजिटल प्रणालीसँग सम्बन्धित उजुरी, प्रतिवेदन र सार्वजनिक सरोकारका विषयहरूको तथ्यपरक अध्ययन गरी २१ दिनभित्र सुझावसहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्न भनिएको छ ।

छानबिन समितिलाई नेपाल टेलिभिजनद्वारा खरिद गरिएका ग्राफिक्स सिस्टम, न्यु मिडिया (डिजिटल प्लेटफर्म) सेवा, अडियो/भिडियो उपकरण, डिजिटल ट्रान्समिटर तथा इटहरी च्यानलका लागि खरिद गरिएको ‘प्लेआउट अटोमेसन सिस्टम’ सम्बन्धमा विस्तृत अध्ययन गर्ने कार्यादेश दिइएको छ ।

यी विषयमा विभिन्न निकायमा गुनासो तथा उजुरी रहेका छन् । त्यस्ता उजुरी तथा गुनासोका सन्दर्भमा मन्त्रालयले आफ्नो आन्तरिक जानकारी प्रयोजनका लागि छानबिन समिति गठन गरेको हो ।

नेपाल टेलिभिजनमा विगत केही वर्षयता प्रविधि तथा प्रसारण प्रणाली आधुनिकीकरणका लागि भएका विभिन्न खरिद प्रक्रियाबारे पारदर्शिता तथा कानुनी प्रक्रियाको पालनासम्बन्धी प्रश्नहरू उठ्दै आएका छन् ।

यसअघि मन्त्रालयले सार्वजनिक सेवा प्रसारण संस्थाको स्याटेलाइट खरिद प्रकरणबारे पनि छानबिन समिति गठन गरेको थियो ।

### *अतिक्रमणको ...*

स्थानीयवासीका अनुसार ठाकुर परिवार र केही अन्य व्यक्तीले कित्ता नं. ४४९ भित्रको सो पोखरीको डिलको अधिकांश जग्गा कब्जा गरी पक्की भवन नै निर्माण गरिसकेका छन् । उनीहरुको देखासिकी केही थप व्यक्तीहरुले पनि बाकी रहेको जग्गा घेरबार गर्दै घर भवन निर्माण गर्ने तयारीमा जुटेका छन् ।

स्थानीयका अनुसार अतिक्रमणकारीहरुले अदालतको आदेश विपरीत सार्वजनिक पोखरीको जग्गा मास्ने र अतिक्रण गर्ने कार्यलाई निरन्तरता दिएपछी अहिले अदालतको आदेशको अवज्ञा गरेको भन्दै अवहेलनाको अर्को मुद्दा पनि हालिएको छ । सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्नेमा सरोकारवाला निकाय मौन वसिरहदा अतिक्रमणको मनोवल बढ्दै गएको स्थानीयले अविलम्ब ऐतिहासिक पोखरीमा भएको कब्जा खिचौला मेटाइ र घर उठाई गरी गाउँको मौलिकता जोगाउन र सार्वजनिक सम्पतीको रक्षा गरिनु पर्ने माग गरेका छन् ।

कुनै बेला इनारै इनार र पोखरीले भरिभराउ गाउँको रुपमा परिचित सिम्रहा गाउँ अहिले पोखरी र इनार विहीन गाउँको रुपमा परिणत हुन थालेको छ । यसको प्रमुख कारण स्थानीय केही व्यक्तीद्वारा भइरहेको अतिक्रमण । गाउँलेहरुका अनुसार यस गाउँमा सुरुमा ४२ वटा सार्वजनिक पोखरी र करिब दुई दर्जन इनार थिए । तर अतिक्रमणको चपेटामा पर्दै गएपछी पोखरी घटेर अहिले २०/२१ को सख्यमा पुगेको छ ।

यस्तै अतिक्रमणमा परेर अहिले इनारको संख्या पनि एक दर्जनमा सिमित हुन पुगेको छ । स्थानीयवासी नवल किशोर यादवका अनुसार पोखरी र इनार अतिक्रमण गरी मासिदै गएपछि गाउँको सौन्दर्यकरण पनि घटदै गएको छ ।

# चिकित्सा शिक्षा आयोगद्वारा पाठ्यक्रमअनुसार मात्रै सेवामा खटाउन निर्देशन

काठमाडौँ, ३ असार (रासस) ।

चिकित्सा शिक्षा आयोगले आवासीय चिकित्सकको कार्यबोझ अत्यधिक समय भएको गुनासो आएकाले पाठ्यक्रममा तोकिएअनुसार सेवामा खटाउन अनुरोध गरेको छ ।

आयोगका उपाध्यक्ष प्रा डा श्रीकृष्ण गिरीले विश्वविद्यालय तथा प्रतिष्ठानहरूलाई सोमबार पत्राचार गरेर चिकित्सकको कार्यबोझ अत्यधिक समय कार्य गर्न बाध्य बनाई शारीरिक तथा मानसिक असर परेको भन्ने गुनासाहरू आयोगमा प्राप्त भएकाले सम्बन्धित विषयको पाठ्यक्रमको परिधिमा रही सेवामा खटाउने व्यवस्था गरेर यथाशीघ्र आयोगलाई जानकारी गराउनका लागि निर्देशन दिनुभएको छ ।

त्यसैगरी, आयोगले मेडिकल तथा डेन्टल विषयका स्नातक तहका विद्यार्थीहरूको इन्टर्नसिप भत्ता विभिन्न शिक्षण संस्थामा समान नभई कतिपय मेडिकल कलेजको इन्टर्नसिप भत्ता अति न्यून रहेको भन्ने गुनासो आएको आयोगले जनाएको छ ।

आयोगले गुनासोका सम्बन्धमा मेडिकल कलेजले आफ्नो आङ्गिक अस्पतालमा सेवा पुर्‍याएवापत प्रदान गर्दै आएको भत्ता सरह नै उपलब्ध गराउनको लागि निर्देशन दिएको छ । मेडिकल कलेजका शिक्षण संस्थामा सेवा प्रदान गर्ने इन्टर्नसिपका चिकित्सकहरूलाई प्रदान गर्ने व्यवस्था गरी सोको जानकारी आयोगलाई गराउन अनुरोध गरिएको छ ।

### *प्राध्यापकलाई ...*

उद्देश्यले प्रदान गरिने विशेष सुविधा भएको उल्लेख गरेको छ ।

केही प्राध्यापकहरूले अध्ययन बिदाको दुरुपयोग गर्दै अध्ययन पूरा गरेपछि सेवामा नफर्किएकाले विश्वविद्यालयलाई आर्थिक, शैक्षिक तथा प्राज्ञिक क्षति पुगेको त्रिविको भनाइ छ ।

त्रिविले बिदा सुविधा उपयोग गर्ने प्राध्यापकले सम्झौताअनुसारको सेवा दायित्व पूरा गर्नुपर्ने व्यवस्था रहेको स्मरण गराउँदै बाँकी रकम असुली प्रक्रिया निरन्तर अघि बढाइने जनाएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*